# फरक मत खण्ड

मिति:- २०६६/७/१८

माननीय सभापतिज्यू,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

विषय :- फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "मौलिक हक", "मौलिक कर्तव्य" तथा "राज्यको निर्देशक सिद्धान्त, नीतिहरु तथा राज्यको दायित्व" भागमा हामी निम्न लिखित सदस्यहरुको यसैसाथ सम्लग्न बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | नाम | दस्तखत | कैफियत |
|---|---|---|---|
| १. | मा. श्री अकलबहादुर थिङ | | |
| २. | मा. श्री आङदावा शेर्पा | | |
| ३. | मा. श्री कर्णजीत बुढाथोकी | | |
| ४. | मा. श्री कमला रोक्का | | |
| ५. | मा. श्री चन्द्रप्रसाद गजुरेल | | |
| ६. | मा. श्री परशुराम रम्तेल | | |
| ७. | मा. श्री पुजा खनाल | | |
| ८. | मा. श्री मणि (खम्बु) किराती | | |
| ९. | मा. श्री मोहम्मद सफिक मिया | | |
| १०. | मा. श्री राजकाजी महर्जन | | |
| ११. | मा. श्री विष्णुप्रसाद चौधरी थारु | | |
| १२. | मा. श्री शिवचन्द्र प्रसाद कुशवाहा | | |
| १३. | मा. श्री सत्य पहाडी | | |
| १४. | मा. श्री सावित्रीकुमार काफ्ले | | |
| १५. | मा. श्री सीतादेवी बौडेल | | |
| १६. | मा. श्री सीता पोखरेल | | |
| १७. | मा. श्री हेमराज भण्डारी | | |

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (२) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको प्रावधानमा देहायको प्रावधान थप गरी मिलाउने:-**

"राष्ट्रघाती कार्य गर्ने, विदेशी शक्तिहरुको दलाली गर्ने, राष्ट्र विरोधी षडयन्त्र गर्ने, वा प्रतिगमनकारी कार्य गर्ने वा त्यस्ता कार्य गर्न कुनै संरचना वा संयन्त्र खडा गर्ने राजनीतिक दललाई मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।"

(२) **प्रस्तावित धारा १० को उपधारा (४) को सट्टामा देहायको उपधारा (४) राख्ने:-**

"(४) क्रान्तिकारी भूमिसुधार लागू गरी जमीनको हदबन्दी गरिने र सीमाभन्दा माथिको जमिन सुकुम्बासी, भूमिहीन र गरीब किसानलाई वितरण गरिनेछ र जमिनको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वैज्ञानिक योजना बनाई लागू गरिने छ ।"

(३) **प्रस्तावित धारा २७ को उपधारा (५) मा भएको प्रवधानमा देहायको वाक्य थप गर्ने:-**

"आदिबासी, जनजाति समुदायलाई आत्मनिर्णयको अधिकार सहित स्वशासन र स्वायत्तताको अधिकार तथा स्वतन्त्र, पूर्व र सुसूचित सहमतिको हक हुनेछ ।"

(४) **प्रस्तावित धारा २७ को उपधारा (७) मा भएको प्रावधानमा देहायको वाक्य थप्ने:-**

"मधेशी समुदायलाई आत्मनिर्णयको अधिकार सहित स्वशासन र स्वायत्तताको अधिकार हुनेछ ।"

(५) **धारा २७ मा थप गरिने उपधारा (११) पछि देहायको उपधारा (१२) थप गर्ने:-**

"(१२) आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ ।"

## मौलिक कर्तव्य सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने:-**

"(ट) सैनिक तालीम लिनु ।"

## निर्देशक सिद्धान्त सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (१) मा रहेका** "सर्वोपरि राखी" **भन्ने शब्दहरु पछि** "सबै प्रकारका विदेशी हस्तक्षेपको अन्त्य गर्दै" **भन्ने शब्दहरु र** "संघीय इकाइहरुबीचको सम्बन्ध सञ्चालन गर्दै" **भन्ने शब्दहरु पछि** "आत्मनिर्णयको अधिकार सहितको" **भन्ने शब्दहरु थप्ने तथा सोही उपधारामा रहेका** "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" **भन्ने शब्दहरुको सट्टा** "जनताको संघीय गणतन्त्र" **भन्ने शब्दहरु राख्ने ।**

(२) **प्रस्तावित धारा ३ को खण्ड (क) को बुंदा नं. (५) मा देहायको वाक्यांश थप गर्ने:-**

"देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षणको लागि युवाहरुलाई सैनिक तालीम दिने ।"

(३) **प्रस्तावित धारा ३ को खण्ड (ग) को बुंदा नं. (२) मा रहेका** "लोकतान्त्रिक संस्कृतिको" **भन्ने शब्दहरुको सट्टा** "लोकतान्त्रिक संस्कृति र जनसंस्कृतिको" **भन्ने शब्दहरु राख्ने।**

(४) **प्रस्तावित धारा ३ को खण्ड (घ) को बुंदा १२ मा रहेका** "विपन्न वर्गका नागरिकलाई विशेष प्राथमिकता दिँदै" **भन्ने शब्दहरुको सट्टा** "विपन्न वर्गलाई विशेष अधिकार दिई" **भन्ने शब्दहरु राख्ने ।**

(५) **प्रस्तावित धारा ३ को खण्ड (ङ) को बुंदा नं. (१) मा रहेको** "वैज्ञानिक भूमिसुधार" **भन्ने शब्दहरुको सट्टा** "जमीन जोत्नेको अधिकार स्थापित गराउने र जमिनको हदबन्दी सहितको क्रान्तिकारी भूमिसुधार" **भन्ने शब्दहरु राख्ने ।**

(६) **प्रस्तावित धारा ३ को खण्ड (छ) को बुंदा नं (१) मा रहेका** "स्थानीय समुदायलाई प्राथमिकता" **भन्ने शब्दहरु पछि** "र अग्राधिकार" **भन्ने शब्दहरु थप गर्ने ।**

(७) **प्रस्तावित धारा ३ को खण्ड (ज) को बुंदा नं (३) मा रहेको "शिक्षालाई" भन्ने शब्दहरु अगाडि** "जनवादी शिक्षा लागू गरी" **भन्ने शब्दहरु थप्ने ।**

(८) **प्रस्तावित धारा ३ को खण्ड (ञ) को बुंदा नं (१६) मा देहायको वाक्य थप्ने:-**

"प्राकृतिक साधन स्रोत माथि अग्राधिकार सहित आदिवासी जनजाति समुदायलाई आत्मनिर्णयको अधिकार, जातीय स्वशासनसहितको स्वायत्तता सुनिश्चित गर्ने ।"

मिति:- २०६६/७/१८

मानननीय सभापतिज्यू,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

विषय :- फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "नागरिकता", "मौलिक हक", "मौलिक कर्तव्य" तथा "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" भागमा हामी निम्न लिखित सदस्यहरुको यसैसाथ सम्लग्न बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गर्दछौं ।

| क्र. सं. | नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | मा. श्री उमा रेग्मी | | |
| २. | मा. श्री उर्मिला थापा | | |
| ३. | मा. श्री कुमार राई | | |
| ४. | मा. श्री गगन थापा | | |
| ५. | मा. श्री महा नेपाली | | |
| ६. | मा. श्री महालक्ष्मी अर्याल उपाध्याय | | |
| ७. | मा. श्री रमेश लेखक | | |
| ८. | मा. श्री रामकृष्ण यादव | | |

## नागरिकता सम्बन्धी भाग

(१) **धारा ४ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्ने:-**

"तर नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलाले विदेशी मुलुकको नागरिकता त्याग गरेको स्वयम् घोषणा गरी नेपाली नागरिकता लिन चाहेमा तत्काल नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्नेछ ।"

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (२) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको प्रावधानमा देहायको प्रावधान थप गरी मिलाउने:-**

"बहुलवादमा आधारित बहुदलीय शासन व्यवस्था, संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय प्रणाली, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा स्वीकार्य मानव अधिकारका मूल्य मान्यता र नागरिक वा व्यक्तिका सार्वभौम अधिकार प्रतिकूल हुने कार्य गर्ने वा कुनै पनि रुपमा एकदलीय अधिनायकवाद, सर्वसत्तावाद स्थापनाको प्रयत्न गर्ने, राजनीतिक दल वा मातहतका सम्बद्ध निकायमा सैन्य वा अर्ध सैन्य संरचना खडा गर्ने, राज्य विरुद्ध सशस्त्र विद्रोह गर्ने, राजनीतिक दल वा मातहत निकाय मार्फत राज्यका कानूनद्धारा गठित संरचनाको समानान्तर हुने गरी कुनै संरचना वा संयन्त्र वा संगठन खडा गर्ने राजनीतिक दललाई मनासिव बन्देज लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।"

(२) **प्रस्तावित धारा ५ को उपधारा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने:-**

"तर प्रचलित अन्तर्राष्ट्रिय कानूनले सजाय हुने अपराधमा भूतप्रभावी कानून बनाउन र सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।"

(३) **प्रस्तावित धारा १० को उपधारा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने:-**

"तर राज्यले वैज्ञानिक भूमिसुधारको प्रयोजनका लागि बाहेक नागरिकको सम्पत्तिमा सीमा तोक्ने गरी कुनै कानून बनाउने छैन ।"

(४) **प्रस्तावित धारा १० को उपधारा (५) पछि देहायको उपधारा (६) थप गर्ने:-**

"(६) वैज्ञानिक भूमिसुधार, भूमि व्यवस्थापन, भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकिकरण र व्यवसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न कानून बनाई नियमन र व्यवस्थापन गर्ने अधिकार संघीय इकाई ( प्रदेश) लाई हुनेछ ।"

(५) **प्रस्तावित धारा २१ को उपधारा (३) को सट्टा देहायको उपधारा (३) राख्ने :-**

"(३) प्रत्येक नागरिकलाई भोक तथा कुपोषणबाट मुक्तिको हक हुनेछ ।"

(६) **प्रस्तावित धारा २७ को उपधारा (११) को सट्टा देहायको व्यवस्था संक्रमणकालीन व्यवस्था अन्तर्गत राख्ने :-**

"... लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइते तथा पीडितलाई राहत तथा न्याय प्रदान गर्ने एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गरिनेछ ।"

## मौलिक कर्तव्य सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने:-**

" (घ) राष्ट्रिय विपत्ति र संकटका समयमा सेवा गर्नु ।"

(२) **प्रस्तावित खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने:-**

"(ट) शान्ति र सदाचारको अनिवार्य तालीम लिनु ।"

## राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (१) मा रहेको** "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" **को सट्टा** "बहुलवाद र बहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र" **भन्ने शब्दहरू राख्ने ।**

(२) **प्रस्तावित धारा ३ को खण्ड (ञ) को बुंदा नं. (१०) को सट्टा देहायको नं. (१०) राख्ने :-**

"(१०) लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइतेका लागि राज्यबाट न्याय, उचित सम्मान तथा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास तथा सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गर्ने ।"

(३) **प्रस्तावित धारा ५ को उपधारा (१) मा रहेको** "राष्ट्रप्रमुख" **भन्ने शब्दको सट्टा** "सरकारले" **भन्ने शब्दहरू,** "संघीय व्यवस्थापिका" **भन्ने शब्दहरूको सट्टा** "संघीय तथा संघीय इकाईस्तरको संसद" **भन्ने शब्दहरू राख्ने तथा सोही उपधारामा रहेका** "पेश गर्नेछ" **भन्ने शब्दहरू पछि** "त्यस्तो प्रतिवेदनमा छलफल गरी संसदले सरकारलाई आवश्यक राय, सिफारिस वा निर्देशन दिन सक्नेछ" **भन्ने वाक्य थप्ने ।**

(४) **प्रस्तावित धारा ६ मा रहेका** "संघीय व्यवस्थापिका" **भन्ने शब्दहरूको सट्टा** "संसद" **भन्ने शब्द राख्ने ।**

मिति:- २०६६/७/१८

माननीय सभापतिज्यू,

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

**विषय :-** फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "मौलिक हक", तथा "राज्यको निर्देशक सिद्धान्त, नीतिहरु तथा राज्यको दायित्व" भागमा हामी निम्न लिखित सदस्यहरुको यसैसाथ सम्लग्न बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गर्दछौं ।

| क्र. सं. | नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | मा. श्री उर्मिला देवी साह | | |
| २. | मा. श्री उषाकला राई | | |
| ३. | मा. श्री धर्मराज निरौला | | |
| ४. | मा. श्री धिरेन्द्रबहादुर श्रेष्ठ | | |
| ५. | मा. श्री प्रदीपकुमार ज्ञवाली | | |
| ६. | मा. श्री रामप्रित पासवान | | |
| ७. | मा. श्री लालमणी चौधरी | | |

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा ५ को उपधारा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नेः-**

"तर मानवता विरुद्धको अपराध, युद्ध अपराध र जातीय नरसंहार सम्बन्धी अपराधमा भूतप्रभावी कानून बनाएर सजाय गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।"

(२) **प्रस्तावित धारा २७ को उपधारा (५) मा भएको प्रावधानमा देहायको वाक्य थप गर्नेः-**

"आदिवासी जनजाति तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोत माथि प्राथमिकताको हक, स्वशासनको हक तथा राष्ट्रिय अखण्डता, समग्र राष्ट्रिय हित र एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानूनको अधीनमा रही आत्मनिर्णयको हक हुनेछ ।"

(३) **प्रस्तावित धारा २७ को उपधारा (११) को सट्टा देहायको व्यवस्था संक्रमणकालीन व्यवस्था अन्तर्गत राख्ने :-**

"... लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइते तथा पीडितलाई राहत तथा न्याय प्रदान गर्ने एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गरिनेछ ।"

## राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (१) मा रहेको** "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" **को सट्टा** "बहुलवाद र बहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र" **भन्ने शब्दहरू राख्ने ।**

(२) **प्रस्तावित धारा ३ को खण्ड (त्र) को बुंदा नं. (१०) को सट्टा देहायको नं. (१०) राख्ने :-**

"(१०) लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइतेका लागि राज्यबाट न्याय, उचित सम्मान तथा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास तथा सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गर्ने ।"

मितिः- २०६६/७/१८

**माननीय सभापतिज्यू,**

**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।**

**विषय :- फरक मत पेश गरेको ।**

**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "नागरिकता", सम्बन्धी भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।**

(१) **प्रस्तावित धारा १ को सट्टा देहायको धारा १ राख्ने:-**

"**१. एकल संघीय नागरिकताको व्यवस्थाः** नेपालमा संघीय सरकारको नाममा प्रादेशिक सरकारले प्रदान गर्ने गरी एकल नागरिकताको व्यवस्था गरिएको छ।"

(२) **प्रस्तावित धारा ३ को उपधारा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने:-**

"(क) व्यक्तिको जन्म हुँदाका बखत निजको आमा वा बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,"

(३) **प्रस्तावित धारा ३ को उपधारा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने:-**

" (ग) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएको विदेशी व्यक्तिको नेपाली नागरिकता प्राप्त हुनु अगावै मृत्यु भएमा निजको सन्तान र नेपाली नागरिकबाट जन्मेको बाबुको ठेगान नभएको व्यक्ति "

(४) **प्रस्तावित धारा ४ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्ने:-**

"तर नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलाले विदेशी मुलुकको नागरिकता त्याग गरेको स्वयम् घोषणा गरी नेपाली नागरिकता लिन चाहेमा तत्काल नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्नेछ।"

(५) **प्रस्तावित धारा १३ को व्यवस्था धारा ४ को उपधारा (४) अनुसारको अङ्गीकृत नागरिकको हकमा मात्र लागू हुने गरी व्यवस्था गर्ने।**

मा. भूपेन्द्र चौधरी
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

मिति:- २०६६/७/१८

**माननीय सभापतिज्यू,**
**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।**

**विषय :- फरक मत पेश गरेको ।**

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "नागरिकता", "मौलिक हक" तथा "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

मा. चन्द्रिकाप्रसाद यादव
सदस्य
मौलिक हक तथा निर्देशक सिद्धान्त समिति ।

## नागरिकता सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को सट्टा देहायको धारा १ राख्ने:-**

"**(१) संघ र राज्यको छुट्टाछुट्टै नागरिकता हुने :** नेपालमा संघीय सरकार र राज्य सरकारले प्रदान गर्ने गरी छुट्टाछुट्टै नागरिकताको व्यवस्था गरिएको छ ।"

(२) **धारा ३ को उपधारा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने :-**

"(ग) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भएको बाबुको पहिचान हुन नसकेको वा बाबुले आफ्नो सन्तानको रुपमा स्वीकार नगरेको व्यक्ति,"

(३) **प्रस्तावित धारा ४ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राख्ने:-**

"(१) नेपाली नागरिकसँग विवाह गरेको विदेशी नागरिकलाई नेपाली नागरिकसँग विवाह भएको र विदेशी मुलुकको नागरिकता त्याग्ने कारवाही चलाए पछि नेपालको वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गरिनेछ ।"

(४) **प्रस्तावित धारा ७ को सट्टा देहायको धारा ७ राख्ने:-**

"(७) **नागरिकताको पुनः प्राप्ति:** नेपाली नागरिकता त्याग गरेका व्यक्तिले पुनः नेपाली नागरिकता लिन चाहेमा पहिले जुन किसिमको नेपालको नागरिकता प्राप्त गरेको हो सोही किसिमको नेपालको नागरिकता प्रदान गरिनेछ ।"

(५) **प्रस्तावित धारा १३ को व्यवस्था धारा ४ को उपधारा (४) अनुसारको अङ्गीकृत नागरिकको हकमा मात्र लागू हुने गरी व्यवस्था गर्ने ।**

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (२) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको प्रावधानमा देहायको प्रावधान थप गरी मिलाउने:-**

"बहुलवादमा आधारित प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था, संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय प्रणाली, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा सर्वस्वीकार्य मानव अधिकारका मूल्य मान्यता र नागरिक वा व्यक्तिका सार्वभौम अधिकार प्रतिकूल हुने कार्यमा वा कुनै पनि रुपमा एकदलीय अधिनायकवाद, सर्वसत्तावादको पक्षपोषण गर्ने वा त्यस्तो व्यवस्था स्थापनाको प्रयत्न गर्ने, राजनीतिक दल वा मातहतका सम्बद्ध निकायमा सैन्य वा अर्ध सैन्य संरचना खडा गर्ने, सैन्यवादी क्रियाकलाप संचालन गर्ने वा यस्ता कार्यकालागि दुरुत्साहन गर्ने, राज्य विरुद्ध हतियारबन्द विद्रोहको तयारी वा प्रयत्न वा त्यस्तो घोषणा गर्ने राजनीतिक दल वा मातहत निकाय मार्फत राज्यका कानूनद्धारा गठित संरचनाको समानान्तर हुने गरी कुनै संरचना वा संयन्त्र वा संगठन खडा गर्ने कार्य गर्ने राजनीतिक दललाई मनासिब बन्देज लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।"

(२) **प्रस्तावित धारा १० को उपधारा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने:-**

"तर राज्यले व्यक्तिको आर्जन वा सम्पत्तिमा सीमा तोक्ने गरी कुनै कानून बनाउने छैन ।"

(३) **प्रस्तावित धारा १० को उपधारा (५) पछि देहायको उपधारा (६) थप गर्ने:-**

"(६) वैज्ञानिक भूमिसुधार, भूमि व्यवस्थापन, भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकिकरण र व्यवसयिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न कानून बनाई नियमन र व्यवस्थापन गर्ने अधिकार संघीय इकाई ( प्रदेश) लाई हुनेछ ।"

(४) **प्रस्तावित धारा २७ को उपधारा (१) र (२) को सट्टा देहायको उपधारा (१) राख्ने र उपधारा क्रम मिलाउने :-**

"राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा साँस्कृतिक रुपले राज्यद्वारा पछाडि पारिएका मधेशी, दलित, महिला, आदिवासी, जनजाति, मधेशी पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, पछाडि पारिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा, किसान र मजदूर वर्गलाई समानुपातिक र समावेशी सिद्धान्तको आधारमा राज्यका सबै अङ्ग, तह र निकायहरुमा जनसंख्याको आधारमा सहभागी हुने हक हुनेछ ।"

(५) **प्रस्तावित धारा २७ को उपधारा (७) मा भएको प्रावधानमा देहायको वाक्य थप्ने:-**

"मधेशी समुदायको आत्मनिर्णयको अधिकार सहितको स्वायत्त मधेश प्रदेश र त्यहाँको भूमि तथा प्राकृतिक स्रोतमाथि अग्राधिकारको हक हुनेछ ।"

(६) **प्रस्तावित धारा ३१ पछि देहाय बमोजिमको धारा ३२ थप गर्ने:-**

**"३२. <u>मधेशी समुदायको हक</u>:** (१) मधेशी समुदायको विकास, प्रर्बद्धन, सशक्तिकरण र समान पहुँचको लागि प्राथमिकताको साथ विशेष अवसर र विशेषाधिकारको हक हुनेछ ।

(२) राज्य संयन्त्रका सबै अंग तह र निकायमा मधेशी समुदायको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(३) मधेशी समुदायको शिक्षा, स्वास्थ्य रोजगारी, सार्वजनिक सेवा, सरकारी सेवामा प्राथमिकताको साथै विशेष अवसर र विशेषाधिकार सहित सहभागी हुने हक हुनेछ ।

(४) मधेशी समुदायमाथि कुनै प्रकारको विभेद वा शोषण गरिने छैन । यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ ।

(५) मधेशी समुदायलाई आत्मनिर्णय सहितको अधिकार र स्वायत्त मधेश प्रदेश राज्यको सुनिश्चितताको साथै त्यहाँको भूमि र प्राकृतिक स्रोतमाथि अग्राधिकार हुनेछ ।"

## <u>मौलिक कर्तव्य सम्बन्धी भाग</u>

(१) **प्रस्तावित धारा १ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने:-**

"(ट) अनिवार्य सैनिक तालीम लिनु ।"

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (१) मा रहेका** "संघीय इकाईहरूबीचको सम्बन्ध सञ्चालन गर्दै" **भन्ने शब्दहरू पछि** "आत्मनिर्णयको अधिकार सहितको" **भन्ने शब्दहरू तथा** "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" **को सट्टा** "बहुलवाद सहितको बहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र" **भन्ने शब्दहरू राख्ने ।**

(२) **धारा ३ को खण्ड (क) को बुंदा नं. (५) मा देहायको वाक्यांश थप गर्ने:-**

"देशको सार्वभौमसत्ता जोगाउन राष्ट्र हितमा सम्पूर्ण उमेर पुगेका नागरिकलाई अनिवार्य सैन्य तालीम दिलाउने ।"

(३) **प्रस्तावित धारा ३ को खण्ड (ङ) को बुँदा नं. (१) मा देहायको वाक्य थप गर्ने:-**

"भौगोलिक बनावट अनुसार कृषि जमीन (भूमि) हुने भएकोले समग्र वा खेतीयोग्य जमीन भूमि व्यवस्थापन सम्बन्धी कार्यको अधिकारक्षेत्र प्रदेशलाई हुनेछ" ।

(४) **प्रस्तावित धारा ३ को खण्ड (ञ) को बुंदा नं. (१९) मा देहायको वाक्यांश थप्ने:-**

"राज्यले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा मधेशी, महिला, दलित, पिछडा वर्ग, आदिवासी जनजाति, मुस्लिम, अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गलाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने ।"

मिति:- २०६६/७/१८

माननीय सभापतिज्यू,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

विषय :- फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "नागरिकता", "मौलिक हक", "मौलिक कर्तव्य" तथा "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" भागमा हामी निम्न लिखित सदस्यहरुको यसैसाथ सम्लग्न बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गर्दछौं ।

| क्र. सं. | नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | मा. श्री अरविन्द साह | | |
| २. | मा. श्री गणेश तिवारी नेपाली | | |

## नागरिकता सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को सट्टा देहायको धारा १ राख्ने:-**

"१. <u>एकल संघीय नागरिकताको व्यवस्था:</u> नेपालमा संघीय सरकारको नाममा प्रादेशिक सरकारले प्रदान गर्ने गरी एकल नागरिकताको व्यवस्था गरिएको छ।"

(२) **प्रस्तावित धारा ३ को उपधारा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने:-**

"(ग) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएको विदेशी व्यक्तिको नेपाली नागरिकता प्राप्त हुने अगावै मृत्यु भएमा निजको सन्तान र नेपाली नागरिकबाट जन्मेको बाबुको ठेगान नभएको व्यक्ति "

(३) **प्रस्तावित धारा ४ को उपधारा (१)को सट्टा देहायको उपधारा (१) राख्ने:-**

"(१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग गरेको कारवाही चलाइ सकेपछि तुरुन्त नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्नेछ। "

(४) **प्रस्तावित धारा १३ को व्यवस्था धारा ४ को उपधारा (४) अनुसारको अङ्गीकृत नागरिकको हकमा मात्र लागू हुने गरी व्यवस्था गर्ने।**

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (२) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको प्रावधानमा देहायको प्रावधान थप गरी मिलाउने:-**

"बहुलवादमा आधारित प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था, संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय प्रणाली, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा सर्वस्वीकार्य मानव अधिकारका मूल्य मान्यता र नागरिक वा व्यक्तिका सार्वभौम अधिकार प्रतिकूल हुने कार्यमा वा कुनै पनि रुपमा एकदलीय अधिनायकवाद, सर्वसत्तावादको पक्षपोषण गर्ने वा त्यस्तो व्यवस्था स्थापनाको प्रयत्न गर्ने, राजनीतिक दल वा मातहतका संम्बद्ध निकायमा सैन्य वा अर्ध सैन्य संरचना खडा गर्ने, सैन्यवादी क्रियाकलाप संचालन गर्ने वा यस्ता कार्यकालागि दुरुत्साहन गर्ने, राज्य विरुद्ध हतियारबन्द विद्रोहको तयारी वा प्रयत्न वा त्यस्तो घोषणा गर्ने राजनीतिक दल वा मातहत निकाय मार्फत राज्यका कानूनद्धारा गठित संरचनाको समानान्तर हुने गरी कुनै संरचना वा संयन्त्र वा संगठन खडा गर्ने कार्य गर्ने राजनीतिक दललाई मनासिव बन्देज लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।"

(२) **प्रस्तावित धारा १० को उपधारा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने:-**

"तर राज्यले व्यक्तिको आर्जन वा सम्पत्तिमा सीमा तोक्ने गरी कुनै कानून बनाउने छैन।"

(३) **प्रस्तावित धारा १० को उपधारा (५) पछि देहायको उपधारा (६) थप गर्ने:-**

"(६) वैज्ञानिक भूमिसुधार, भूमि व्यवस्थापन, भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकिकरण र व्यवसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न कानून बनाई नियमन र व्यवस्थापन गर्ने अधिकार संघीय इकाई (प्रदेश) लाई हुनेछ।"

(४) **प्रस्तावित धारा २७ को उपधारा (१) र (२) को सट्टा देहायको उपधारा (१) राख्ने र उपधारा क्रम मिलाउने :-**

२

"(१) राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा साँस्कृतिक रुपले राज्यद्वारा पछाडि पारिएका मधेशी, दलित, महिला, आदिवासी, जनजाति, मधेशी पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, पछाडि पारिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा, किसान र मजदूर वर्गलाई समानुपातिक र समावेशी सिद्धान्तको आधारमा राज्यका सबै अङ्ग, तह र निकायहरुमा जनसंख्याको आधारमा सहभागी हुने हक हुनेछ।"

(५) **प्रस्तावित धारा २७ को उपधारा (७) मा भएको प्रावधानमा देहायको वाक्य थप्ने:-**

"मधेशी समुदायको आत्मनिर्णयको अधिकार सहितको स्वायत्त मधेश प्रदेश र त्यहाँको भूमि तथा प्राकृतिक स्रोतमाथि अग्राधिकारको हक हुनेछ।"

(६) **प्रस्तावित धारा ३१ पछि देहाय बमोजिमको धारा ३२ थप गर्ने:-**

**"३२. मधेशी समुदायको हक:** (१) मधेशी समुदायको विकास, प्रर्बद्धन, सशक्तिकरण र समान पहुँचको लागि प्राथमिकताको साथ विशेष अवसर र विशेषाधिकारको हक हुनेछ।

(२) राज्य संयन्त्रका सबै अंग तह र निकायमा मधेशी समुदायको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।

(३) मधेशी समुदायको शिक्षा, स्वास्थ्य रोजगारी, सार्वजनिक सेवा, सरकारी सेवामा प्राथमिकताको साथै विशेष अवसर र विशेषाधिकार सहित सहभागी हुने हक हुनेछ।

(४) मधेशी समुदायमाथि कुनै प्रकारको विभेद वा शोषण गरिने छैन। यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ।

(५) मधेशी समुदायलाई आत्मनिर्णय सहितको अधिकार र स्वायत्त मधेश प्रदेश राज्यको सुनिश्चितताको साथै त्यहाँको भूमि र प्राकृतिक स्रोतमाथि अग्राधिकार हुनेछ।"

## मौलिक कर्तव्य सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने:-**

"(ट) अनिवार्य सैनिक तालीम गर्नु।"

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (१) मा रहेका** "संघीय इकाईहरुबीचको सम्बन्ध सञ्चालन गर्दै" **भन्ने शब्दहरु पछि** "आत्मनिर्णयको अधिकार सहितको" **भन्ने शब्दहरु तथा** "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" **को सट्टा** "बहुलवाद सहितको बहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र" **भन्ने शब्दहरु राख्ने।**

(२) **धारा ३ को खण्ड (क) को बुंदा नं. (५) मा देहायको वाक्यांश थप गर्ने:-**

"देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षणको लागि युवाहरुलाई अनिवार्य सैनिक तालीम दिने।"

(३) **प्रस्तावित धारा ३ को खण्ड (ङ) को बुँदा नं. (१) मा देहायको वाक्य थप गर्ने:-**

"भौगोलिक बनावट अनुसार कृषि जमीन (भूमि) हुने भएकोले समग्र वा खेतीयोग्य जमीन भूमि व्यवस्थापन सम्बन्धी कार्यको अधिकारक्षेत्र प्रदेशलाई हुनेछ"।

(४) **प्रस्तावित धारा ३ को खण्ड (ञ) को बुंदा नं. (१९) मा देहायको वाक्यांश थप्ने:-**

"राज्यले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा मधेशी, महिला, दलित, पिछडा वर्ग, आदिवासी जनजाति, मुस्लिम, अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गलाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने।"

(५) **प्रस्तावित धारा ३ को खण्ड (ठ) को बुंदा नं. (१) पछि देहायको बुंदा (२) थप्ने:-**

"२. उपेक्षित रहेको मधेश तराई क्षेत्रको ऐतिहासिक, साँस्कृतिक महत्व तथा ठूलो पहिचान भएको मिथिलाञ्चल क्षेत्र, जनकपूरधाम, रामजानकी मन्दिर, धनुषाधाम, बराहक्षेत्र, सल्हेसस्थान, सिम्रौनगढ लगायतका क्षेत्रको संरक्षण, प्रवर्द्धन एवम् प्रचार प्रसारको विशेष व्यवस्था गर्दै राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरणमैत्री पर्यटन उद्योगको विकास गर्ने।"

मिति:- २०६६/७/१८

**माननीय सभापतिज्यू,**
**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।**

**विषय :- फरक मत पेश गरेको ।**

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "नागरिकता", "मौलिक हक" तथा "राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व" भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

मा. राजेन्द्र महतो
सदस्य
मौलिक हक तथा निर्देशक सिद्धान्त समिति ।

## नागरिकता सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को सट्टा देहायको धारा १ राख्ने:-**

"१. **एकल संघीय नागरिकताको व्यवस्था:** नेपालमा संघीय सरकारको नाममा प्रादेशिक सरकारले प्रदान गर्ने गरी एकल नागरिकताको व्यवस्था गरिएको छ।"

(२) **धारा ३ को उपधारा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने:-**

"(क) व्यक्तिको जन्म हुँदाका बखत निजको आमा वा बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,"

(३) **प्रस्तावित धारा ३ को उपधारा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने:-**

"(ग) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएको विदेशी व्यक्तिको नेपाली नागरिकता प्राप्त हुनु अगावै मृत्यु भएमा निजको सन्तान र नेपाली नागरिकबाट जन्मेको बाबुको ठेगान नभएको व्यक्ति"

(४) **प्रस्तावित धारा ४ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्ने:-**

"तर नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलाले विदेशी मुलुकको नागरिकता त्याग गरेको स्वयम् घोषणा गरी नेपाली नागरिकता लिन चाहेमा तत्काल नेपालको वैवाहिक अङ्गीकृत नागरिकता लिन सक्नेछ।"

(५) **प्रस्तावित धारा १३ को व्यवस्था धारा ४ को उपधारा (४) अनुसारको अङ्गीकृत नागरिकको हकमा मात्र लागू हुने व्यवस्था गरी यो प्रावधान नागरिकता सम्बन्धी भागबाट हटाई विविध भागमा राख्ने ।**

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (२) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको प्रावधानमा देहायको प्रावधान थप गरी मिलाउने:-**

"बहुलवादमा आधारित प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था, संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संसदीय प्रणाली, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा सर्वस्वीकार्य मानव अधिकारका मूल्य मान्यता र नागरिक वा व्यक्तिका सार्वभौम अधिकार प्रतिकूल हुने कार्यमा वा कुनै पनि रुपमा एकदलीय अधिनायकवाद, सर्वसत्तावादको पक्षपोषण गर्ने वा त्यस्तो व्यवस्था स्थापनाको प्रयत्न गर्ने, राजनीतिक दल वा मातहतका संम्बद्ध निकायमा सैन्य वा अर्ध सैन्य संरचना खडा गर्ने, सैन्यवादी क्रियाकलाप संचालन गर्ने वा यस्ता कार्यकालागि दुरुत्साहन गर्ने, राज्य विरुद्ध हतियारबन्द विद्रोहको तयारी वा प्रयत्न वा त्यस्तो घोषणा गर्ने राजनीतिक दल वा मातहत निकाय मार्फत राज्यका कानूनद्वारा गठित संरचनाको समानान्तर हुने गरी कुनै संरचना वा संयन्त्र वा संगठन खडा गर्ने कार्य गर्ने राजनीतिक दललाई मनासिव बन्देज लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।"

(२) **प्रस्तावित धारा १० को उपधारा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने:-**

"तर राज्यले व्यक्तिको आर्जन वा सम्पत्तिमा सीमा तोक्ने गरी कुनै कानून बनाउने छैन।"

(३) **प्रस्तावित धारा १० को उपधारा (५) पछि देहायको उपधारा (६) थप गर्ने:-**

"(६) वैज्ञानिक भूमिसुधार, भूमि व्यवस्थापन, भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकिकरण र व्यवसयिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न कानून बनाई नियमन र व्यवस्थापन गर्ने अधिकार संघीय इकाई (प्रदेश) लाई हुनेछ।"

(४) **प्रस्तावित धारा २७ को उपधारा (१) र (२) को सट्टा देहायको उपधारा (१) राख्ने र उपधारा क्रम मिलाउने :-**

"(१) राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा साँस्कृतिक रुपले राज्यद्वारा पछाडि पारिएका मधेशी, दलित, महिला, आदिवासी, जनजाति, मधेशी पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक तथा सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, पछाडि पारिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, युवा, किसान र मजदूर वर्गलाई समानुपातिक र समावेशी सिद्धान्तको आधारमा राज्यका सबै अङ्ग, तह र निकायहरूमा जनसंख्याको आधारमा सहभागी हुने हक हुनेछ।"

(५) **प्रस्तावित धारा २७ को उपधारा (७) मा भएको प्रावधानमा देहायको वाक्य थप्ने:-**

"मधेशी समुदायको आत्मनिर्णयको अधिकार सहितको स्वायत्त मधेश प्रदेश र त्यहाँको भूमि तथा प्राकृतिक स्रोतमाथि अग्राधिकारको हक हुनेछ।"

(६) **प्रस्तावित धारा ३१ पछि देहाय बमोजिमको धारा ३२ थप गर्ने:-**

**"३२. मधेशी समुदायको हक:** (१) मधेशी समुदायको विकास, प्रर्वद्धन, सशक्तिकरण र समान पहुँचको लागि प्राथमिकताको साथ विशेष अवसर र विशेषाधिकारको हक हुनेछ।

(२) राज्य संयन्त्रका सबै अंग तह र निकायमा मधेशी समुदायको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।

(३) मधेशी समुदायको शिक्षा, स्वास्थ्य रोजगारी, सार्वजनिक सेवा, सरकारी सेवामा प्राथमिकताको साथै विशेष अवसर र विशेषाधिकार सहित सहभागी हुने हक हुनेछ।

(४) मधेशी समुदायमाथि कुनै प्रकारको विभेद वा शोषण गरिने छैन। यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई क्षतिपूर्ति प्राप्त गर्ने हक हुनेछ।

(५) मधेशी समुदायलाई आत्मनिर्णय सहितको अधिकार र स्वायत्त मधेश प्रदेश राज्यको सुनिश्चितताको साथै त्यहाँको भूमि र प्राकृतिक स्रोतमाथि अग्राधिकार हुनेछ।"

## मौलिक कर्तव्य सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने:-**

"(ट) अनिवार्य सैनिक तालीम गर्नु,।"

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (१) मा रहेका** "संघीय इकाईहरूबीचको सम्बन्ध सञ्चालन गर्दै" **भन्ने शब्दहरू पछि** "आत्मनिर्णयको अधिकार सहितको" **भन्ने शब्दहरू तथा** "संघीय लोकतान्त्रिक

गणतन्त्रात्मक व्यवस्था" **को सट्टा** "बहुलवाद सहितको बहुदलीय प्रतिस्पर्धामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र" **भन्ने शब्दहरू राख्ने ।**

(२) **धारा ३ को खण्ड (क) को बुंदा नं. (५) मा देहायको वाक्यांश थप गर्ने:-**

"देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षणको लागि युवाहरूलाई अनिवार्य सैनिक तालीम दिने ।"

(३) **प्रस्तावित धारा ३ को खण्ड (ङ) को बुँदा नं. (१) मा देहायको वाक्य थप गर्ने:-**

"भौगोलिक बनावट अनुसार कृषि जमीन (भूमि) हुने भएकोले समग्र वा खेतीयोग्य जमीन भूमि व्यवस्थापन सम्बन्धी कार्यको अधिकारक्षेत्र प्रदेशलाई हुनेछ" ।

(४) **प्रस्तावित धारा ३ को खण्ड (ञ) को बुंदा नं. (१९) मा देहायको वाक्यांश थप्ने:-**

"राज्यले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा मधेशी, महिला, दलित, पिछडा वर्ग, आदिवासी जनजाति, मुस्लिम, अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गलाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने ।"

(५) **प्रस्तावित धारा ३ को खण्ड (ठ) को बुंदा नं. (१) पछि देहायको बुंदा (२) थप्ने:-**

"२. उपेक्षित रहेको मधेश तराई क्षेत्रको ऐतिहासिक, साँस्कृतिक महत्व तथा ठूलो पहिचान भएको मिथिलाञ्चल क्षेत्र, जनकपूरधाम, रामजानकी मन्दिर, धनुषाधाम, बराहक्षेत्र, सल्हेसस्थान, सिम्रौनगढ लगायतका क्षेत्रको संरक्षण, प्रवर्द्धन एवम् प्रचार प्रसारको विशेष व्यवस्था गर्दै राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरणमैत्री पर्यटन उद्योगको विकास गर्ने ।"

मिति :- २०६६/७/१८

**माननीय सभापतिज्यू,**

**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।**

**विषय :- फरक मत पेश गरेको ।**

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका **"नागरिकता", "मौलिक हक"** तथा **"राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व"** सम्बन्धी भागमा मेरो यसै साथ संलग्न बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

मा. तिलकबहादुर थापा मगर

सदस्य

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समति

## नागरिकता सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १३ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने:-**

"(२) यो संविधान बमोजिम नेपालको संवैधानिक पदमा नियुक्तिको लागि योग्य हुने अङ्गीकृत वा जन्मका आधारमा नेपाली नागरिकता प्राप्त नेपाली नागरिक कम्तीमा बीस वर्ष र नेपालको नागरिकता त्याग गरी पुनः वंशजको आधारमा नागरिकता प्राप्त गरेको नेपाली नागरिक कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ।"

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १६ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने:-**

"(२) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क र अनिवार्य शिक्षाको हक हुनेछ।"

(२) **धारा २७ को उपधारा (५) मा भएको प्रावधानमा देहायको वाक्य थप गर्ने:-**

"आदिवासी जनजाति तथा स्थानीय समुदायलाई पहिचानको हक, प्राकृतिक स्रोत माथि प्राथमिकताको हक, स्वशासनको हक तथा राष्ट्रिय अखण्डता, समग्र राष्ट्रिय हित र एकतालाई सुदृढ गर्दै संविधान र प्रचलित कानुनको अधीनमा रही आत्मनिर्णयको हक हुनेछ।"

(३) **प्रस्तावित धारा २७ को उपधारा (११) को सट्टा देहायको उपधारा (११) राख्ने :-**

"(११) लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइते तथा पीडितले राहत तथा न्याय प्राप्त गर्ने एवम् उचित सम्मान, राहत प्रदान गर्ने तथा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्राप्त गर्ने हक हुनेछ।"

## राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) **प्रस्तावित धारा ३ को खण्ड (ज) को बुंदा नं. (१०) को सट्टा देहायको नं. (१०) राख्ने :-**

"(१०) लोकतन्त्र प्राप्तिको लागि भएका सबै आन्दोलन/संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्ग, घाइतेका लागि राज्यबाट न्याय, उचित सम्मान तथा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास तथा सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर प्रदान गर्ने।"

मिति:- २०६६/७/१८

मानननीय सभापतिज्यू,

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

विषय :- फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका **"मौलिक हक"**, **"मौलिक कर्तव्य"** तथा **"राज्यका निर्देशिक सिद्धान्त, नीति तथा दायित्व"** सम्बन्धी भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

## मौलिक हक सम्बन्धी भाग

(१) प्रस्तावित धारा २७ को उपधारा (५) मा भएको प्रवधानमा देहायको वाक्य थप गर्ने:-

"प्राकृतिक श्रोत साधन माथि आदिवासी जनजातिको अग्राधिकारको हक हुनेछ ।"

## मौलिक कर्तव्य सम्बन्धी भाग

(१) प्रस्तावित धारा १ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने:-

"(ट) आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्नु ।"

## राज्यको निर्देशिक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) प्रस्तावित धारा ३ को खण्ड (छ) को बुंदा नं. (१) मा रहेको प्रावधानमा "हिमाल, जल जङ्गल, जमीन र प्राकृतिक सम्पदामाथि आदिवारी जनजातिको अग्राधिकार रहने" भन्ने शब्दहरू थप गर्ने ।

मा. श्री दालकुमारी सुनुवार
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

मिति:- २०६६/७/१८

मानननीय सभापतिज्यू,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

विषय :- फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका "नागरिकता", "मौलिक हक", "मौलिक कर्तव्य" तथा "राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व" भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

मा. लीला न्याइच्याई
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

# नागरिकता सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को सट्टा देहायको धारा १ राख्ने:-**

"१. संघ र राज्यको छुट्टाछुट्टै नागरिकता हुने : नेपालमा संघीय सरकार र राज्य सरकारले प्रदान गर्ने गरी छुट्टाछुट्टै नागरिकताको व्यवस्था गरिएको छ।"

(२) **प्रस्तावित धारा ४ को व्यवस्था हटाउने र अन्य धाराहरुको क्रम मिलाउने ।**

(३) **प्रस्तावित धारा १३ को सट्टा देहायको धारा १३ राख्ने:-**

"१३. पदाधिकारीको नागरिकता सम्बन्धी व्यवस्था: नेपालको राजनीतिक, संवैधानिक तथा उच्च प्रशासनिक पदहरुमा नियुक्त वा निर्वाचित हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त नेपाली नागरिक हुनु पर्नेछ।"

(४) **प्रस्तावित धारा १४ हटाउने र अन्य धारा क्रम मिलाउने ।**

# मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने:-**

"(२) उपधारा (१) मा उल्लिखित कुनै कुराले अत्यन्त गंभीर प्रकृतिका अपराध गर्ने अपराधीहरुलाई मृत्युदण्ड दिन रोक लगाएको मानिने छैन।"

(२) प्रस्तावित **धारा २ को उपधारा (२) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिङ्गको आधारमा" भन्ने शब्दहरुको सट्टा "केवल जाति, भाषा, धर्म, क्षेत्र, सम्प्रदाय वा लिङ्गको आधारमा" भन्ने शब्दहरु राख्ने ।**

(३) **प्रस्तावित धारा ३ को उपधारा (२) को प्रतिबन्धात्मक व्यवस्थाको सट्टा देहायको प्रतिबन्धात्मक व्यवस्था राख्ने:-**

"तर आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएका नागरिकहरुको उत्थान, सशक्तिकरण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन।"

(४) प्रस्तावित **धारा ३ को उपधारा (५) पछि देहायको उपधारा (६) थप्ने:-**

"प्रत्येक नागरिकलाई आर्थिक समानताको हक हुनेछ।"

(५) **प्रस्तावित धारा १० को उपधारा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने:-**

"तर उत्पादनका मुख्य साधन तथा सेवाको राष्ट्रियकरण गरिनेछ र राज्यले व्यक्तिको सम्पत्तिमा सीमा तोक्न सक्नेछ।"

(६) **प्रस्तावित धारा १० को उपधारा (३) मा रहेका "कुनै अधिकारको सिर्जना गर्ने छैन" भन्ने शब्दहरु पछि " त्यसरी अधिग्रहण, प्राप्त वा त्यस्तो सम्पत्ति उपर अरु कुनै अधिकार सिर्जना गरिएमा कानून बमोजिम क्षतिपूर्ति प्रदान गरिनेछ" भन्ने वाक्यखण्ड थप गर्ने ।**

(७) **प्रस्तावित धारा १० को उपधारा (४) को सट्टा देहायको उपधारा (४) राख्ने:-**

"(४) जमीन जोत्नेको हुने गरी क्रान्तिकारी भूमिसुधार गरिनेछ।"

(८) **प्रस्तावित धारा ११ को उपधारा (२) पछि देहायको उपधारा (३) राख्ने:-**

"(३) प्रत्येक व्यक्तिलाई धार्मिक दर्शनको खण्डन गर्ने हक हुनेछ।"

(९) **प्रस्तावित धारा १६ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने:-**

"(२) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म नि:शुल्क र अनिवार्य शिक्षाको हक हुनेछ ।"

(१०) **प्रस्तावित धारा १८ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राख्ने:-**

"(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ र प्रत्येक नागरिकलाई योग्यता अनुसारको काम र काम अनुसारको ज्याला पाउने हक हुनेछ ।"

(११) **प्रस्तावित धारा २७ को उपधारा (१) र (२) को सट्टा देहायको उपधारा (१) राखी उपधारा क्रम मिलाउने :-**

"(१) आर्थिक तथा सामाजिक रुपले पछाडि परेका नागरिकलाई राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागी हुन पाउने हक हुनेछ ।"

## मौलिक कर्तव्य सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने:-**

"(ट) अनिवार्य सैनिक तालीम लिनु,।"

## राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी भाग

(१) **प्रस्तावित धारा २ को उपधारा (१) मा रहेको** "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था" **को सट्टा** "समाजवादी गणतन्त्र" **भन्ने शब्दहरु राख्ने ।**

(२) **प्रस्तावित धारा ३ को खण्ड (क) को बुंदा नं. (५) मा देहायको वाक्यांश थप गर्ने:-**

"देशको सार्वभौमसत्ता, स्वाधीनता र अखण्डताको संरक्षणको लागि युवाहरुलाई अनिवार्य सैनिक तालीम दिने ।"

(३) **प्रस्तावित धारा ३ को खण्ड (घ) को बुंदा नं. (१) को सट्टा देहायको (१) राख्ने:-**

"१. सार्वजनिक, सहकारीको विकास र विस्तार गर्दै उत्पादनका साधनहरुमा क्रमशः राज्यको स्वामित्व बढाउँदै लाने ।"

(४) **प्रस्तावित धारा ३ को खण्ड (ङ) को बुंदा नं. (१) को सट्टा देहायको (१) राख्ने:-**

"(१) जमीन जोत्नेको हुने गरी क्रान्तिकारी भूमिसुधार गर्ने"।

(५) **प्रस्तावित धारा ३ को खण्ड (ज) को बुंदा नं. (६) को सट्टा देहायको बुँदा (६) राख्ने:-**

"६. शिक्षालाई राज्यले पूर्णतः बहन गर्दै जाने" ।

(६) **प्रस्तावित धारा ३ को खण्ड (ज) को बुंदा (१७) पछि देहायको बुँदा (१८) थप्ने:-**

"१८. सार्वजनिक सरोकारका क्षेत्रहरु सबै राज्यले हेर्ने ।"

मिति :- २०६६/७/१८

माननीय सभापतिज्यू,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

विषय :- फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका **"नागरिकता"** सम्बन्धी भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

(१) धारा ३ को उपधारा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने:-

> "(ग) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भएको बाबुको पहिचान हुन नसकेको वा बाबुले आफ्नो सन्तानको रुपमा स्वीकार नगरेको व्यक्ति,"

मा. आङदावा शेर्पा
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

मिति :- २०६६/७/१८

**माननीय सभापतिज्यू,**
**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।**

**विषय :- फरक मत पेश गरेको ।**

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका **"नागरिकता"** सम्बन्धी भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

(१) **धारा ३ को उपधारा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने:-**

> "(ग) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भएको बाबुको पहिचान हुन नसकेको वा बाबुले आफ्नो सन्तानको रुपमा स्वीकार नगरेको व्यक्ति,"

मा. उर्मिला थापा
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

मिति :- २०६६/७/१८

माननीय सभापतिज्यू,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

विषय :- फरक मत पेश गरेको ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका **"नागरिकता"** सम्बन्धी भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

(१) प्रस्तावित धारा ३ को उपधारा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप्ने:-

"(ग) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा स्थायी बसोबास भएको बाबुको पहिचान हुन नसकेको वा बाबुले आफ्नो सन्तानको रुपमा स्वीकार नगरेको व्यक्ति,"

मा. उषाकला राई
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

मिति :- २०६६/७/१८

मानिनीय सभापतिज्यू,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

**विषय :- फरक मत पेश गरेको ।**

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका **"नागरिकता"** तथा **"मौलिक हक"** सम्बन्धी भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

## नागरिकता सम्बन्धी भाग

(१) **प्रस्तावित धारा ६ मा उल्लिखित** "आमा वा बाबुको वंशको आधारमा" **भन्ने शब्दहरू पछि** "आफूले रोजेको नाम थर र" **भन्ने शब्दहरू थप्ने ।**

(२) **प्रस्तावित धारा १४ मा रहेका** "गैरआवासीय नेपाली परिचयपत्र" **भन्ने शब्दहरूको सट्टा** "गैरआवासीय नेपाली नागरिकता" **भन्ने शब्दहरू राख्ने ।**

## मौलिक हक सम्बन्धी भाग

(१) **प्रस्तावित धारा १६ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने:-**

"(२) प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क र अनिवार्य शिक्षाको हक हुनेछ ।"

(२) **प्रस्तावित धारा २४ को उपधारा (७) पछि देहायको उपधारा (८) थप्ने र अन्य उपधाराहरूको क्रम मिलाउने :-**

"प्रत्येक बालबालिकालाई सुसूचित हुन पाउने, सङ्गठित हुन पाउने र आफूहरूमाथि प्रभाव पार्ने विषयमा विचार व्यक्त गर्न पाउने हक हुनेछ ।

तर कुनै पनि बालबालिकालाई दलगत राजनीतिक प्रयोजनकालागि प्रयोग गर्न पाइने छैन ।"

मा. गगन थापा
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

मिति :२०६६.०७.११

माननीय सभापति ज्यू ,
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ,
संविधान सभा ,

विषय : जानकारी साथै अनुरोध गरिएको सम्बन्धमा ।

महोदय,

सर्वप्रथम यहाँ समक्ष मेरो मिति २०६६.०७.१२ देखि २४ गते सम्म संयुक्त राज्य अमेरिकाको बोस्टन शहरमा कायक्रम रहेकोले यस अवधी भर समिति छलफलमा उपस्थित हुन नसक्ने व्यवहोरा जानकारी गराउँदछु ।

मेरो अनुपस्थितिमा यस समितिको मस्यौदा उपसमितिले तयार गरेको प्रतिवेदनमा मैले समावेश गरेका फरक मतहरुलाई यथावत कायम राखी अगाडि बढाइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

निवेदक,

सुनिल बाबु पन्त
सभासद

मिति :- २०६६/७/१८

मानननीय सभापतिज्यू,

**मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।**

विषय :- <u>फरक मत पेश गरेको</u> ।

मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको कार्यक्षेत्र अन्तर्गतका **"नागरिकता"** र **"मौलिक कर्तव्य"** सम्बन्धी भागमा मेरो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेको छु ।

<u>नागरिकता सम्बन्धी भाग</u>

(१) **प्रस्तावित धारा ३ को उपधारा (१) को खण्ड** (ख) पछि देहायको खण्ड (ग) थप्ने :-

"नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएको विदेशी व्यक्तिको नेपाली नागरिकता प्राप्त हुने अवधि अगावै मृत्यु भएमा निजको सन्तान र नेपाली नागरिकबाट जन्मेको बाबुको ठेगान नभएको व्यक्ति "

<u>**मौलिक कर्तव्य सम्बन्धी सम्बन्धी भाग**</u>

(१) **प्रस्तावित धारा १ को खण्ड** (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने :-

"(ट) देश विकासमा युवाहरुले कम्तीमा एकवर्ष अनिवार्य सेवा गर्नु "

मा. सुनिलबाबु पन्त
सदस्य
मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति